# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL SINCE 1969 — 1969 to 2029

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 OCTOBER | No. 10


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### यूहन्ना १:१-१०

१. आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।

२. उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो ।

३. सबै थोक उहाँद्वारा बनिए र बनिाएको कुनै थोक पनि उहाँबिना बनिएन ।

४. उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको ज्योति थियो ।

५. त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजयी भएको छैन ।

६. परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहनना थियो ।

७. उनीद्वारा सबैले विश्वास गरून् भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए ।

८. उनी आफैं त्यो ज्योति थिएनन् तर त्यस ज्योतिको गवाही दिन आए ।

९. हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदै हुनुहुन्थ्यो ।

१०. उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो तापनि संसारले उहाँलाई चिनेन ।

## तपाईंलाई चम्कन बोलाइएको छ

### YOU ARE CALLED TO SHINE!

बहिनी एन्जलीन



मेरा प्रिय फैलिएर रहनुभएको **बोलावटको प्रतिध्वनि** परिवारलाई हाम्रो प्रभु र मुक्तिदाता प्रभु येशू ख्रीष्टको अमूल्य नाउँमा अभिवादन ।

भारतमा दिपावलीको महिना अत्यन्तै विशेष समय हुन्छ । देशभरि र संसारभरि करोडौं मानिसहरूले ज्योतिको चाड मनाउँछन्, अन्धकारमाथि ज्योतिको विजयसँग जोडिएको परम्परागत चाड ।

संसारभरि रहेका भारतीयहरूले दिपावली मनाएको जब म देख्छु, तब म अझ महान् ज्योतिको बारेमा सोच्न सक्छु - संसारको ज्योति, प्रभु येशू ख्रीष्ट । हाम्रा आँखा खोल्न, आशाहीनतामा आशा दिन र अन्धकारबाट उहाँको अचम्मको ज्योतिमा हामीलाई अगुवाइ गर्न हाम्रो अन्धकारमा उहाँले कदम राख्नुभयो ।

### जब ख्रीष्टको ज्योति अन्धकारमा प्रवेश गर्छ

**सृष्टिको समयमा परमेश्वरले बोल्नुभएको सबैभन्दा पहिलो शब्द यस्तो थियो:**
**... उज्यालो होस्...** (उत्पत्ति १:३) ।

उत्पत्ति १:१-४ पदले संसारलाई आकारविहिन र रित्तो, अन्धकारमा डुबेको थियो भनेर प्रस्तुत गरेको छ । तापनि अन्धकार कथाको निष्कर्ष थिएन । जब परमेश्वरले बोल्नुभयो, ज्योतिले अन्धकारलाई तोडेको थियो ।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि

ख्रीष्टियान यूट्यूब च्यानल



हरेक दिन २ मिनेट सन्देश

पा. एस. साम सेल्भाराजबाट

अंग्रेजी, हिन्दी भाषामा बिहान १ बजे

तामिल र तेलगू भाषामा बिहान २ बजे

र

तामिल र अंग्रेजी भाषामा सन्देश र प्रार्थना

आइतबार बिहान ८:३० बजे र साँझ ६:०० बजे

तपाईं आशिषित हुनुभएको छ भने कृपया सब्स्क्राइब गरिदिनुहोला। तपाईंले प्रेम र वास्ता गर्नुभएकासँग सेयर गरिदिनुहोला।

# बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)

Estd. 1969



## तपाईंको प्रिय भाइबाट....



Founders

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

> यसैकारण, म तिनीहरुलाई सिकाउनेछु, यस पल्ट म तिनीहरुलाई मेरो शक्ति र पराक्रम देखाउनेछु । तब तिनीहरुले मेरो नाउँ परमप्रभु हो भनी जान्नेछन्
> (२ इतिहास ७१४) ।

प्रभुमा प्रियहरू,

परमेश्वरले बोलाउनुभएका र संसारका विभिन्न भागहरूमा रहनुभएका हाम्रा प्रिय दाजुभाइ र दिदीबहिनीहरूलाई अभिवादन र तपाईंको बारेमा सोच्नु कस्तो आनन्दको कुरा हो । दुरी, भाषा वा अवस्था जस्तोसुकै भए पनि प्रभुमा एकै हुने अधिकारको निम्ति हामी गहिरो रूपमा कृतज्ञ छौं ।

**नम्र सुरुवात**

हो, यो सबै १० अगस्त १९६९ मा नम्रतापूर्वक सुरु भएको थियो, जब **बोलावटको प्रतिध्वनि** नेयूर सी.एस.आइ. चर्चमा नेल्लाराइकोनाको सानो गाउँमा **गुड न्यूज प्रेयर ब्याण्डको** नामको अधीन जन्मिएको थियो । यो जवान युवा र युवतीहरूको हातेमालोसँगै सुरुवात भएको थियो, जसले पुरुषहरू र महिलाहरूका निम्ति साँचो बोझ र दर्शन प्राप्त गरेका थिए, जो प्रभु येशू ख्रीष्टबिना नष्ट भइरहेका र उहाँबाट अलग भएको जीवनको कारण अनन्त विनाशतर्फ लम्किरहेका थिए ।



म जवान भएकै अवस्थामा यो भएको थियो । परमेश्वरले यी जवान मानिसहरूको आज्ञाकारीता र समर्पणतालाई साँचो रूपमा सम्मान गर्नुभएको थियो, जसले कलवरी बोलावटमा प्रतिक्रिया दिएको थिए, जहाँ हाम्रो प्रभु येशू ख्रीष्टले आफ्नो अमोल रगत बगाउनुभएको थियो र हाम्रो निम्ति आफ्नो जीवन दिनुभयो ।

जसै वर्षहरू बिते, त्यो नम्र सुरुवात **बोलावटको प्रतिध्वनिमा** फक्रियो, जुन नाम परमेश्वरले दिनुभएको थियो भनेर हामीले विश्वास गर्दछौं । प्रभुले यो सेवकाइलाई संसारका विभिन्न भागहरूमा आफ्ना पखेटा फैलाउन अनुग्रहपूर्वक सक्षम बनाउनुभएको, जसमा भारत, श्रीलङ्का, मलेसिया, सिंगापुर, इन्डोनेसिया, अस्ट्रेलिया, दक्षिण अफ्रिका, अमेरिका, क्यानाडा, स्कटल्याण्ड, लन्डन र संयुक्त अधिराज्यका विभिन्न भागरू र त्यसभन्दा पर समावेश छन् ।

के हाम्रो प्रभु येशू साँचो रूपमा महान् हुनुहुन्न र ?

प्रभुले हाम्रा पखेटाहरू फैलाउन हामीलाई सक्षम मात्रै बनाउनुभएको छैन, उहाँले यो सेवकाइका विभिन्न हाँगाहरूबाट हजारौं मानिसहरूलाई आशिष्को स्रोत पनि बनाउनुभएको छ, जसमा यी कुराहरू समावेश छन्,

- **बोलावटको प्रतिध्वनि** समाचारपत्र १६ वटा भाषाहरूमा प्रकाशित
- ३ भाषाहरूमा **नहेम्याह बाइबल कलेजहरू**
- **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल**- गाउँको अंग्रेजी हाई स्कुल
- २ भाषाहरूमा ईश्वरशास्त्रीय पत्राचार कोर्सहरू
- ३ भाषाहरूमा बाइबलकोर आधारभूत बाइबल कोर्सहरू
- बहुभाषिक मिसन चर्चहरू
- सुसमाचारीय छापाखाना
- तलिम कार्यक्रमहरू
- सामाजिक सेवाहरू
- र अन्य धेरै सेवकाइहरू परमेश्वरको राज्य बिस्तारको निम्ति भइरहेका छन् ।


HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
CONTRIBUTING EDITOR
Sis. Andrea Christmas Henry
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
EX ADMINISTRATOR
Sis. Jesy Veena Sam
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech.(DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Sis. Sajini Cherian
Rev. Dr. J. John Rajarathnam, B.E.S., B.D., M.Th.
Rev. Dr. K.R. Rajasekaran
Adv. N. Balaji, B.Com., M.L.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293
Cell : (+91) 98410 71852, 98412 71858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call


Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) ▫ BIBLECOR - Postal Courses (3 languages) ▫ YouTube Ministry ▫ Online Courses ▫ Theological Correspondence Courses (2 languages) ▫ Church Planting ▫ Nehemiah Bible Colleges ▫ Gospel Printing Press ▫ Great Commission Partners ▫ St. Paul's Matriculation School ▫ Crusades ▫ Community Development

## अर्धमृत अवस्थामा छोडिएको मानिस

हाम्रो प्रभुले एक जना मानिसको बारेमा बताउनुभएको छ, जो यरीहोबाट यरूशलेमतिर यात्रा गरिरहेको थियो र डाँकूहरूको हातमा पर्‍यो । उसलाई पिटियो, घायल पारियो र बाटोमा अर्धमृत अवस्थामा छोडिएको थियो । तापनि, कथा यहीं नै अन्त्य भएको थिएन । असल सामरीले उसलाई देख्यो, उसमाथि दया देखायो, ऊ पडिरहेको स्थानमा आयो, उसका चोटहरूमा मलहम पट्टी गरिदियो र उसको निम्ति वास्ता गर्‍यो ।



सोही तरिकामा, प्रभुले हामीलाई आत्मिक रूपमा चोट पाएका, तोडिएका, बेवास्ता गरिएका र आशाबिना छोडिएका मानिसहरूकहाँ पुग्ने जिम्मेवारी दिनुभएको छ । यो बोलावट ठूलो बोझ र जिम्मेवारीको साथमा बोकिएको छ ।

## बोझ र लडाइँ

यो बिन्दुमा, हाम्रो काँधमा राखिएको बोझ र प्रशासनिक जिम्मेवारीहरूको आकार तपाईंले बुझ्नुभएको हामी चाहन्छौं ।

धेरै पटक, हामीले सम्पूर्ण बोझ साँचो रूपमा महसुस गर्छौं, जुन परमेश्वरले हामीलाई दिनुभएको छ । तापनि, हरेक अवसरमा उहाँले हामीलाई कायम राख्नुभएको छ, हामीलाई शक्ति दिनुहुन्छ र हामीले सामना गर्ने विभिन्न कठिनाइका अवस्थाबाट हामीसँगै हिँड्नुहुन्छ ।

हामीले शत्रुबाट चुनौतिको सामना गर्छौं, विशेष गरी जब हामीले सुसमाचारलाई बाधा दिने स्थानमा सेवकाइ गर्छौं । हामीले रोग, आर्थिक दबाबहरू, निरासा, असुरक्षा र सत्यतालाई विरोध गर्ने मानिसबाट आउने कठिनाइको सामना गर्छौं । उक्त समयमा, यात्रा कठिन महसुस हुन सक्छ ।

तापनि, यी सम्पूर्ण अवस्थाभन्दा माथि हामी आफ्नो विशवासमा अटलसाथ खडा हुन्छौं र हरेक अवस्थामा निर्देशन दिन, शक्ति दिन, बचाउन र हामीलाई अगुवाइ गर्न हामीसँग प्रभु येशू ख्रीष्ट हुनुहुन्छ भनेर घोषणा गर्छौं ।

येशू ख्रीष्टको अमोल रगत र परमेश्वरले हामीलाई दिनुभएको गवाहीद्वारा हामीले शत्रुमाथि विजय पाएका छौं ।

**तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन् र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्** (प्रकाश १२:११) ।

सेवकाइले धेरै लडाइँ सामना गर्न सक्छ तर हाम्रो भरोसा प्रभुमा रहन्छ । हामीलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ र उहाँको उद्देश्यअनुसार अघि बढ्न हामीलाई अगुवाइ गर्न हामी उहाँमाथि भरोसा गर्छौं ।

हामीलाई तपाईंको साझेदारीको आवश्यकता छ ।

अन्त्यमा, हामीलाई इमानदारीतापूर्वक तपाईंको साझेदारी आवश्यकता छ किनकि परमेश्वरले हामीलाई दिनुभएको दर्शन अर्को स्थरमा लैजान हामी प्रयास गर्छौं ।

वास्तवमा, हामीले असफलता, खतरा, आर्थिक आवश्यकता, अनिश्चयता र अन्य धेरै चुनौतिहरूको सामना गर्छौं । त्यसकारण, हामीलाई परमेश्वरका जनहरूको आवश्यकता छ, जसले प्रार्थनामा हामीसँगै खडा हुने र यो महान् राज्यको बिस्तारमा सहायता गर्नेछन् ।

के तपाईं हाम्रो निम्ति प्रार्थना गर्नुहुनेछ र प्रभुले तपाईंलाई अगुवाइ गर्नुभएअनुसार तपाईंको सहयोगी हात बढाउनुहुनेछ ?

तपाईंका प्रार्थना, उत्साह, संगति र व्यावहारिक सहायता हाम्रो निम्ति अत्यन्तै बहुमूल्य छ । आपसमा मिलेर, येशू ख्रीष्टको बचाउने सन्देश सुन्न आवश्यक भएकाहरूलाई सुसमाचार पुर्‍याउने कार्य हामीले निरन्तर गरौं ।

परमेश्वरले तपाईंलाई प्रशस्त आशिष् देऊन् ।

ख्रीष्ट येशूमा तपाईंको सेवक,
*पा. एस. साम सेल्भाराज,*
इमेल: sam@echoofhiscall.org

पृष्ठ १ बाट

**त्यसपछि परमेश्वरले भन्नुभयो, उज्यालो होस् र त्यहाँ उज्यालो भयो** (उत्पत्ति १:३) । हाम्रो जीवनमा परमेश्वरको कार्यको कस्तो शक्तिशाली तस्वीर ।

प्रभु येशू ख्रीष्ट यस संसारमा कोलाहल, अन्योलता, पाप र दोष हटाउन आउनुभयो । उहाँको मृत्यु र पुनरुत्थानबाट उहाँले मानिस जातिलाई नयाँ जीवन, आशा, छुटकारा र मुक्ति दिनुभएको छ ।

जहाँ अन्धकार विजयी भएको थियो, परमेश्वरले ज्योतिलाई अस्तित्वमा आउन बोल्नुभएको छ । सोही तरिकामा जब प्रभु येशू ख्रीष्टले हाम्रो जीवनमा उहाँको ज्योति बोल्नुहुन्छ, अन्धकारसँग अन्तिम शब्द हुँदैन ।

## अत्यन्तै जरुरी सूचना




निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

हाम्रो ठेगाना:

**बोलावटको प्रतिध्वनि**
**10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India**
**Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org**

हाम्रा परिवारका निम्ति आशा छ ।

हाम्रा छोराछोरीको निम्ति आशा छ ।

हाम्रो विवाहको निम्ति आशा छ ।

हाम्रा सेवकाइहरूका निम्ति आशा छ ।

हाम्रो भविष्यको निम्ति आशा छ ।

अवस्थाहरू जतिसुकै अन्धकार भएको देखिए पनि परमेश्वरबाट आउने एउटै शब्दले हरेक थोक परिवर्तन गर्न सक्छ ।

## परमेश्वर ज्योति हुनुहुन्छ - अनि हामीलाई चम्कन बोलाइएको छ

*यूहन्ना १:१-५ ले हामीलाई सुरुवातमा फिर्ता लैजान्छ र प्रभु येशू ख्रीष्टको अनन्त पहिचान प्रकट गर्दछ:*

**उहाँमा जीवन थियो र त्यो जीवन मानिसहरूको ज्योति थियो । त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजयी भएको छैन** (यूहन्ना १:४-५) ।

*प्रेरित यूहन्नाले घोषणा गर्दछन्:*

**... परमेश्वर ज्योति हुनुहुन्छ र उहाँमा कत्ति पनि अँध्यारो छैन** (१ यूहन्ना १:५) ।

*प्रभु येशू ख्रीष्ट आफैंले भन्नुभयो:*

**तिमीहरू संसारका ज्योति हौ...** (मत्ती ५:१४) ।

रोकिनुहोस् र एक क्षण यसको बारेमा सोच्नुहोस् ।

परमेश्वर ज्योति हुनुहुन्छ ।

प्रभु येशू ख्रीष्ट संसारको ज्योति हुनुहुन्छ ।

अनि उहाँले हामीलाई यो संसारमा उहाँको ज्योति चम्काउन बोलाउनुहुन्छ ।

कस्तो अचम्मको अधिकार ।

हामी ज्योतिको स्रोत होइनौं, हामीलाई उहाँको ज्योति प्रतिबिम्बित गर्न बोलाइएको छ । ज्योति हामीमा सुरु हुँदैन । यो प्रभु येशू ख्रीष्टबाट आउँछ र समर्पित जीवनबाट चम्कन्छ ।

परमेश्वरले सामान्य मानिसहरूलाई भाँडोको रूपमा प्रयोग गर्न छान्नुभएको छ, जसबाट उहाँको असामान्य ज्योति देखिन सकोस् । जब हामीले प्रभु येशू ख्रीष्टलाई हामीभित्र र हामीबाट काम गर्न अनुमति दिन्छौं, हाम्रा वचन, हाम्रा कार्य, हाम्रा चरित्र र हामीले जीवनमा गर्ने प्रतिक्रियाबाट अरू मानिसहरूले उहाँको झल्को पाउन सक्छन् ।

त्यसैले, यो अन्धकार संसारमा उहाँको ज्योतिको प्रतिनिधिहरूका रूपमा परमेश्वरले हामीबाट के आशा गर्नुहुन्छ ?

## १. ज्योति अन्धकारमाथि चम्कन्छ

**त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजयी भएको छैन** (यूहन्ना १:५) ।

ज्योतिको सबैभन्दा पहिलो निश्चित चरित्र यही हो: ज्योति चम्कन्छ ।

अनि ज्योति सबैभन्दा स्पष्ट कहाँ चम्कन्छ ? अन्धकारमा ।

परमेश्वरले हामीलाई त्यस्तो स्थानमा आवश्यक रूपमा बोलाउनुहुन्न, जहाँ हरेक थोक पहिले नै चहकिलो र आरामदायी हुन्छ । उहाँले प्रायः हामीलाई अन्धकार भएको स्थानमा पठाउनुहुन्छ ताकि उहाँको ज्योति हामीबाट प्रकट होस् ।

कहिलेकाहीं हामीले सबैको आँखाको केन्द्र हुनको निम्ति चाहना गर्छौं । हामीले आरामदायी वातावरण, उपयुक्त अवस्थाहरू, शान्त सम्बन्ध र सजिला अवसरहरूको चाहना गर्छौं ।

तर सबैभन्दा कठिन देखिने स्थान अन्धकारको बीचमा भएको हुन सक्छ-

जहाँ परमेश्वरले हामीलाई शक्तिशाली रूपमा प्रयोग गर्न चाहनुहुन्छ ।

सायद परमेश्वरले तपाईंलाई कठिन काम गर्ने स्थानमा राख्नुभएको छ ।

सायद तपाईंले आफ्नो परिवारभित्र चुनौतीको सामना गरिरहनुभएको छ ।

सायद तपाईं आफ्नो सेवकाइमा माग भएको अवस्थाबाट हिँडिरहनुभएको छ ।

सायद तपाईंले आफ्नो भविष्यको बारेमा अनिश्चयता सामना गरिरहनुभएको छ ।

अन्धकार भएको स्थानलाई घृणा नगर्नुहोस् ।

परमेश्वरले उहाँको ज्योति अझै बेस्सरी चम्काउन चाहेको स्थान त्यो हुन सक्छ ।

*मीका ७:८ ले भन्दछ:*

**... म अँध्यारोमा भए पनि परमप्रभु मेरो ज्योति हुनुहुनेछ ।**

हुन सक्छ, कतिपय अवस्थामा जब हामी अन्धकारमा बस्नुपर्ने हुन्छ, तर पनि परमेश्वर हाम्रो ज्योति रहिरहनुहुन्छ ।

*भजनसंग्रह १८:२८ ले घोषणा गर्दछ:*

**हे परमप्रभु, तपाईंले मेरो दियो बालिराख्नुहुन्छ, मेरा परमेश्वरले मेरो अन्धकारलाई उज्यालोमा परिवर्तन गर्नुहुन्छ**

*अनि भजनसंग्रह २३:४ ले हामीलाई सम्झना दिलाउँछ:*

**मृत्युको अन्धकारमय घाटी भएर जानुपरे पनि म कुनै खतरादेखि डराउनेछैनँ किनकि तपाईं मेरो साथमा हुनुहुन्छ ।**

मेरा प्रिय दाजुभाइ र दिदीबहिनी, तपाईंले आज आफैंलाई अन्धकारले घेरिएको पाउनुभएको छ भने निरास नहुनुहोस् । परमेश्वर तपाईंसँग हुनुहुन्छ ।

तपाईं उपत्यकाबाट भएर हिँडिरहनुभएको हुन सक्छ तर तपाईं एक्लै त्यहाँबाट हिँडिरहनुभएको छैन ।

अनि यो याद राख्नुहोस्: हामीले आफैंलाई अँध्यारो बनाएर अन्धकारमाथि विजय प्राप्त गर्दैनौं ।

जब कुनै अन्धकार कोठामा ज्योतिको स्वीच खुल्छ, अन्धकार भौतिक रूपमा हटाइएको हुँदैन । त्यो केवल ज्योतिको उपस्थितिमा बिलाउँछ ।

अन्धकारले ज्योतिलाई बाटो दिनै पर्छ ।

त्यसैले निरन्तर चम्कनुहोस् ।

## २. अन्धकारले ज्योतिमाथि विजय पाउन सक्दैन

अन्धकार शक्तिशाली देखिन सक्छ । त्यो तर्साउने देखिन सक्छ । यसले भविष्यलाई अनिश्चित बनाउन र हामीभित्र भय उत्पन्न गराउन सक्छ ।

तर अन्धकारको सीमितपना छ:

त्यसले ज्योतिलाई विजय गर्न सक्दैन ।

*यूहन्ना १:५ ले घोषणा गर्दछ:*

**त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजयी भएको छैन ।**

कोठा जतिसुकै अन्धकार भए पनि ज्योति प्रवेश गरेको क्षण अन्धकारले आफ्नो प्रभाव गुमाउँछ ।

प्रभु येशू ख्रीष्टले हामीलाई संसारको ज्योति हुन बोलाउनुभएको छ । तापनि, हाम्रो जीवनमा त्यस्तो

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः अक्टोबर १९ देखि नोभेम्बर १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

अक्टोबर १९: १० अगस्त २०२६ मा **बोलावटको प्रतिध्वनि सेवकाइको** ५८ औं वर्षमा प्रवेश गर्न उहाँको अनुग्रही आशिष्मा हामीलाई सक्षम बनाउनुभयो ।

अक्टोबर २०: ५८ औं वर्षमा हाम्रो प्रवेशमा एउटा कार्यक्रम संचालन गर्न उहाँको सहायता र अनुग्रहमा हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोबर २१: अन्य सेवकाइहरुमा पनि सहायता फैलाउन उहाँको उपलब्धता र अनुग्रहमा हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोबर २२: ईश्वरशास्त्रीय सेमिनारहरू नियमित संचालन गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

अक्टोबर २३: समाचारपत्र सेवकाइमा हाम्रो समर्पणतामाथि उहाँको प्रशस्त आशिष्को निम्ति, जुन १९६९ देखि विश्वासयोग्यपूर्वक निरन्तर चलिरहेको छ ।

अक्टोबर २४: हाम्रा कर्मचारीहरूका परिवारहरूमा उहाँको प्रशस्त आशिष्को निम्ति ।

अक्टोबर २५: हाम्रा सम्पूर्ण साझेदारहरू र उहाँका परिवारहरूमाथि उहाँको कृपा र विश्वासयोग्यताको निम्ति ।

अक्टोबर २६: सुसमाचारको साथमा सुसमाचार नपुगेको क्षेत्रमा प्रवेश गर्न हामीलाई सक्षम पार्नुभएको र उहाँको अनुग्रही मार्गनिर्देशनको निम्ति ।

अक्टोबर २७: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमाथि उहाँको आशिष् र हाम्रो संगतिमा धेरै विश्वासीहरू थपिदिनुभएको निम्ति ।

अक्टोबर २८: जिजस मिसन चर्च, महाबलिपुरममा १५ अगस्तमा संचालन भएको विशेष दाजुभाइ संगतिमाथि उहाँको आशिष्को निम्ति ।

अक्टोबर २९: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज र ईश्वरशास्त्रीय पत्राचार कोर्सहरूमाथि** उहाँको आशिष्को निम्ति ।

अक्टोबर ३०: हाम्रो मुख्य मण्डलीमा दिदीबहिनी संगति संचालन गर्न आशिष्को निम्ति ।

अक्टोबर ३१: पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमाथि परमेश्वरको प्रशस्त आशिष्को निम्ति ।

नोभेम्बर १: विगत महिनामा हाम्रा सम्पूर्ण आर्थिक र आत्मिक आवश्यकता पूरा गर्न उहाँको विश्वासयोग्यताको निम्ति ।

नोभेम्बर २: हाम्रा सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि उहाँको आशिष्को निम्ति ।

नोभेम्बर ३: संसारभरि भएका मानिसहरू र देशहरूमाथि उहाँको सुरक्षा, कृपा र अनुग्रहको निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

नोभेम्बर ४: लागुपदार्थ र दुर्व्यसनबाट बालबालिका र जवान मानिसहरूको सुरक्षाको निम्ति ।

नोभेम्बर ५: **बोलावटको प्रतिध्वनि सेवकाइहरूमा** सेवा गर्न समर्पित कर्मचारीहरू उपलब्ध भएको होस् ।

नोभेम्बर ६: हाम्रो साँझको **नहेम्याह बाइबल कलेजमा** भएका विद्यार्थीहरूको अनुशासन, समर्पणता र आत्मिक वृद्धिको निम्ति ।

नोभेम्बर ७: प्राकृतिक विपत्तिका विरुद्ध परमेश्वरको ईश्वरीय सुरक्षाको निम्ति ।

नोभेम्बर ८: सम्पूर्ण देशहरूका बीचमा एकता, शान्ति र अमनचैनको निम्ति ।

नोभेम्बर ९: संसारभरि भएका मानिसहरूको सुरक्षा र हीतको निम्ति ।

नोभेम्बर १०: सुसमाचारको साथमा भारतभरि सुसमाचार नसुनेका जातिहरूमा पुग्न परमेश्वरको अनुग्रह र शक्तिको निम्ति ।

नोभेम्बर ११: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारमाथि सुस्वास्थ्य, शक्ति र परमेश्वरको सुरक्षाको निम्ति ।

नोभेम्बर १२: संसारबाट बालबालिका बेचबिखन उन्मूलन भएको होस् र जोखिममा परेका बालबालिकाको सुरक्षा र पुनर्स्थापनाको निम्ति ।

नोभेम्बर १३: सम्पूर्ण ख्रीष्टियान संस्थाहरू र मण्डलीमाथि परमेश्वरको आशिष् र सुरक्षाको निम्ति ।

नोभेम्बर १४: ख्रीष्टियान सेवकाइहरूबाट शक्तिशाली आश्चर्यकर्म, चमत्कार प्रदर्शन भएको होस् ।

नोभम्बर १५: आत्मिक बुझाइ, बुद्धि र खुट्याउने शक्ति दिएर सम्पूर्ण विश्वासको हृदयको आँखा परमेश्वरले खोल्नुभएको होस् ।

नोभेम्बर १६: **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** विद्यार्थीहरूका निम्ति, परमेश्वरले तिनीहरूलाई बुद्धि र बुझाइ प्रदान गरी तिनीहरू का पढाइमा आशिष् देऊन्, र तिनीहरूका जीवनका हरेक क्षेत्रमा तिनीहरूलाई मार्गदर्शन गर्नुभएको होस् ।

नोभेम्बर १७: महिला र बालबालिकामाथि ईश्वरीय सुरक्षाको निम्ति ।

नोभेम्बर १८: **बोलावटको प्रतिध्वनि सेवकाइहरूका** निम्ति सम्पूर्ण आवश्यक आर्थिक स्रोतहरूमा परमेश्वरको अनुग्रही उपलब्धताको निम्ति ।

*पृष्ठ ४ बाट*

क्षण हुन सक्छ, जब हाम्रो वरिपरि भएका हरेक थोकमाथि छाँया भएको अवस्था देखिन सक्छ ।

त्यो डाक्टरको प्रतिवेदन हुन सक्छ ।

त्यो सरकारी निर्णय हुन सक्छ ।

त्यो परिवारको कठिन परिस्थिति हुन सक्छ ।

त्यो आर्थिक दबाब हुन सक्छ ।

त्यो इन्कार हुन सक्छ ।

त्यो एक्लोपना हुन सक्छ ।

त्यो अन्योलता, अनिश्चय वा भविष्यसँग सम्बन्धित भय हुन सक्छ ।

***तर यो कुरा स्पष्ट सुन्नुहोस्:***

अन्धकारसँग अन्तिम शब्द छैन ।

जब हामी प्रभु येशू ख्रीष्टसँग निरन्तर सम्पर्कमा रहन्छौं, हामी हाम्रो ज्योतिको स्रोतको सम्पर्कमा निरन्तर रहन्छौं ।

एउटा बत्ती निरन्तर चम्कन सक्दैन, जब त्यो आफ्नो शक्तिको स्रोतबाट अलग हुन्छ । सोही तरिकामा हामी पनि प्रभावकारी रूपमा चम्कन सक्दैनौं, यदि प्रभु येशू ख्रीष्टसँगको हाम्रो सम्बन्धलाई चिसो बनाउन वा दूरी बनाउन हामीले अनुमति दिन्छौं भने ।

प्रभु येशू ख्रीष्टसँग हाम्रो सम्पर्कले अर्थ राख्छ र त्यो हाम्रो शक्ति हो ।

हाम्रो प्रार्थनाको जीवनले अर्थ राख्छ ।

परमेश्वरको वचनसँग हाम्रो सम्बन्धले अर्थ राख्छ ।

प्रभु येशू ख्रीष्टसँग हाम्रो संगतिले अर्थ राख्छ ।

पवित्र आत्मामाथि हाम्रो निर्भरताले अर्थ राख्छ ।

शत्रुले हामीलाई स्रोतबाट अलग राख्न मन पराउँछ किनभने प्रभु येशू ख्रीष्टबाट अलग भएको विश्वासीले आत्मिक प्रभावकारीताको साथमा चम्कन संघर्ष गर्नेछ भनेर त्यसलाई थाहा छ ।

तर जब हामी प्रभु येशू ख्रीष्टमा रहन्छौं, उहाँको ज्योति हामीबाट निरन्तर चम्कन्छ ।

त्यसकारण, विश्वासमा हामी घोषणा गरौं:

मेरो विचारमाथि अन्धकारको कुनै शक्ति छैन ।

मेरो भविष्यमाथि अन्धकारको कुनै शक्ति छैन ।

मेरो परिवारमाथि अन्धकारको कुनै शक्ति छैन ।

मेरो बोलावटमाथि अन्धकारको कुनै शक्ति छैन ।

मेरो सेवकाइमाथि अन्धकारको कुनै शक्ति छैन ।

ममा हुनुभएको प्रभु येशू ख्रीष्ट ज्योति हुनुहुन्छ, जसले मलाई चम्कन सक्षम बनाउनुहुन्छ ।

आमेन ।

## ३. यो अवसरमा हामीलाई चम्कन बोलाइएको छ ।

***प्रभु येशू ख्रीष्टले भन्नुभयो:***

**तिमीहरू संसारका ज्योति हौ...** (मत्ती ५:१४) ।

ध्यान दिनुहोस्, प्रभु येशू ख्रीष्टले यस्तो भन्नुभएन, जब हरेक थोक ठीक हुन्छ र तपाईंको अवस्था उपयुक्त हुन्छ, तिमी संसारको ज्योति हौ ।

अवस्थाहरू उपयुक्त भएको समयमा मात्रै हामीलाई चम्कन बोलाइएको होइन ।

हरेक अवसरमा हामीलाई चम्कन बोलाइएको छ ।

त्यहाँ कुनै सिद्ध अवसर कहिल्यै नहुन सक्छ । त्यहाँ कहिल्यै पनि सिद्ध अवस्था नहुन सक्छ । त्यहाँ पूर्णरूपमा उपयुक्त वातावरण कहिल्यै नहुन सक्छ ।

तापनि, हामी चम्कन सुरु गर्नुअघि अन्धकार नहराएसम्म पर्खनलाई परमेश्वरले हामीलाई बोलाउनुभएको होइन ।

हामीलाई अन्धकारको बीचमा चम्कन बोलाइएको छ ।

यूहन्ना ३:१९ ले हामीलाई सम्झना दिलाउँछ कि **मानिसहरूले ज्योतिलाई भन्दा अन्धकारलाई रुचाए किनभने तिनीहरूका काम दुष्ट थिए ।** त्यसकारण, ज्योतिमा हिँड्न छनोट गर्नु भनेको कहिलेकाहीँ हाम्रो वरिपरि भएको संसारबाट हामीलाई अलग बनाउन सक्छ ।

त्यो सधैं प्रख्यात नहुन सक्छ ।

त्यो सधैं बुझिएको नहुन सक्छ ।

त्यसले कहिलेकाहीँ हामीलाई असहज बनाउन सक्छ ।

तर हाम्रो वरिपरि भएको अन्धकारमा ढल्न हामीलाई कहिल्यै बोलाइएको छैन ।

हामीलाई प्रभु येशू ख्रीष्टको ज्योति बोक्न बोलाइएको छ ।

हामीलाई अन्धकारमा रहन बोलाइएको छैन तर त्यसलाई प्रकाश पार्न बोलाइएको छ ।

## ४. परमेश्वरले अन्धकारबाट ज्योतिलाई अलग गर्नुभयो - अलग गरिएको जीवन

***उत्पत्ति १:३-४ ले भन्दछ:***

***... परमेश्वरले भन्नुभयो, उज्यालो होस् । तब उज्यालो भयो । परमेश्वरले उज्यालोलाई हेर्नुभयो, त्यो असल थियो र उहाँले अँध्यारो र उज्यालोलाई अलग-अलग गर्नुभयो ।***

यहाँ क्रमबद्धतामा ध्यान दिनुहोस् ।

परमेश्वरले अन्धकारमा उज्यालो बोल्नुभयो । त्यसपछि उहाँले अन्धकारबाट उज्यालोलाई अलग गर्नुभयो ।

यसले हरेक विश्वासीको निम्ति महत्वपूर्ण सन्देश बोक्दछ ।

परमेश्वरले हामीलाई चम्कन मात्रै बोलाउनुभएको छैन तर उहाँले अलग पनि गर्नुभएको छ ।

अन्धकारलाई अङ्गालेर हामीले ज्योतिको प्रतिनिधित्व प्रभावकारी रूपमा गर्न सक्दैनौं ।

त्यहाँ अलग हुनै पर्छ ।

त्यहाँ पवित्रता हुनै पर्छ ।

हामीले जिउने, बोल्ने, सोच्ने, काम गर्ने, अरूलाई व्यवहार गर्ने, निर्णयहरू लिने, र आफैंलाई संचालन गर्ने तरिकामा देखिने भिन्नता हुनुपर्छ ।

हाम्रो जीवनले उहाँलाई प्रतिबिम्बित गर्नुपर्छ, जसको हामीले प्रतिनिधित्व गर्दछौं ।

यशैया ४२:६-७ ले बताउँछ कि **परमेश्वरका जनहरूलाई जातिजातिका निम्ति ज्योति भनेर बोलाइएको छ ।**

हामीलाई त्यस्तो ज्योतिको साथमा भरोसा गरिएको छ, जसको अर्थ त्यो हाम्रो जीवनका सीमाभित्र रहनुपर्छ भन्ने होइन ।

हाम्रो घरले ज्योति अनुभव गर्नुपर्छ ।

हाम्रो काम गर्ने स्थानले ज्योतिको अनुभव गर्नुपर्छ ।

हाम्रो मण्डलीले ज्योतिको अनुभव गर्नुपर्छ ।

हाम्रा समुदायहरूले ज्योतिको अनुभव गर्नुपर्छ ।

हाम्रा पुस्ताले ज्योतिको अनुभव गर्नुपर्छ ।

परमेश्वरले हाम्रो बत्ती बाल्नुभएको छैन ताकि हामीले त्यो लुकाउन सकौं । उहाँले हामीलाई चम्कन बोलाउनुभएको छ ।

## MAIN CHURCH PROGRAMMES

| | | |
|---|---|---|
| 1. | Prayer Service | : 24 hours |
| 2. | **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans. | |
| 3. | **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi) | |
| 4. | Theological Correspondence Courses: English & Tamil | |
| 5. | Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery) | |
| 6. | Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery | |
| 7. | Great Commission Partners (Network of Pastors) | |
| 8. | Training Programmes – Seminars & Retreats | |
| 9. | Crusades | |
| 10. | Literature Distribution and Follow Up | |
| 11. | Gospel Printing Press | - Publications |
| 12. | St. Paul's Matriculation School - Village English High School | |
| 13. | Sunday Schools (Chepauk) | : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday |
| **14.** | **Early Morning Service** | **: 5.30 a.m. Sunday** |
| **15.** | **Preliminary Service** | **: 8.00 a.m. Sunday** |
| **16.** | **Tamil Service** | **: 8.30 a.m. Sunday** |
| **17.** | **Children School** | **: 11.00 a.m. Sunday** |
| **18.** | **Youth Meeting** | **: 11.00 a.m. Sunday** |
| **19.** | **Elders for Christ Meeting** | **: 11.00 a.m. Sunday** |
| **20.** | **Fellowship Lunch** | **: 01.00 p.m. Sunday** |
| **21.** | **Telugu Service** | **: 4.00 p.m. Sunday** |
| **22.** | **Hindi Service** | **: 5.00 p.m. Sunday** |
| **23.** | **Tamil & English Service** | **: 6.00 p.m. Sunday** |
| 24. | Feedback Time | : 8.00 p.m. Sunday |
| 25. | Women's Prayer | : 5.30 p.m. Wednesday |
| 26. | Men's Prayer | : 7.00 p.m. Friday |
| 27. | Discipleship Meeting | : 6.00 p.m. Saturday |
| 28. | House Meetings | : 6.30 p.m. Tuesday & Thursday |
| 29. | Special Holy Communion | : 6.00 a.m. 1st day of each month |
| 30. | Workers Meeting | : 5.30 p.m. First Saturday |
| 31. | Parents' Prayer | : 4.00 p.m. First Sunday |
| 32. | Night Prayer | : 9.30 p.m. Third Friday |
| 33. | Fasting Prayer | : 9:30 a.m. Second Saturday |
| 34. | Holy Communion | : Second Sunday Service |
| 35. | Youth / Kid Prayer | : 10.00 p.m. daily (over phone) |
| 36. | Staff Devotion | : 9.00 a.m. daily |
| 37. | Office | : 9.00 a.m. to 9.00 p.m. (except Sundays) |

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्नु हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |

## ५. ज्योतिको हातहतियार धारण गर्नुहोस् ।

*अन्त्यमा, रोमी १३:१२ ले हामीलाई शक्तिशाली चुनौती दिन्छ:*

**रात बितिसक्यो र दिन नजिकै आइपुगेको छ । यसकारण अन्धकारका काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौं ।**

*पवित्रशास्त्रले प्रयोग गरेको भाषालाई ध्यान देऔं:*

अन्धकारका कामलाई छोड ।

ज्योतिको हातहतियार धारण गर ।

ज्योति हामीले स्पष्टसँग देखिने कुनै कुरा होइन, योचाहिँ राख्न र जिउनको निम्ति हामीलाई बोलाइएको कुरा हो ।

ज्योतिको हातहतियार धारण गर्नुको अर्थ सम्झौता गर्नको साटो धार्मिकता छनोट गर्नु हो ।

*यसको अर्थ:*

- पापमाथि पवित्रता छान्ने
- छलमाथि सत्यता छान्ने
- तीतोपनामाथि क्षमा छान्ने
- भयमाथि विश्वास छान्ने
- आरामदायितमाथि आज्ञाकारीता छान्ने
- यो संसारको पद्धति र मूल्यभन्दा प्रभु येशू ख्रीष्टलाई छान्ने ।

जब हामीले ज्योतिको हातहतियार धारण गर्छौं, हामी अन्धकारको कामको विरुद्ध स्थिर भएर खडा हुन सुसज्जित हुन्छौं ।

## तपाईंको ज्योति चम्काउनुहोस्

प्रियहरू, धर्मी व्यक्तिको जीवनको बारेमा पवित्रशास्त्रले हामीलाई सुन्दर प्रतिज्ञा दिन्छ:

**धर्मी मानिसको बत्ती चहकिलो भएर बल्छ...** (हितोपदेश १३:९) ।

जब तपाईं ज्योतिमा हिँड्नुहुन्छ र प्रभु येशू ख्रीष्टको धार्मिकतालाई आफ्नो जीवनमा आकार दिन अनुमति दिनुहुन्छ, उहाँको ज्योति सबैभन्दा कठिन अवस्थामा पनि हामीबाट चम्कन सक्छ ।

तपाईंको ज्योतिले अर्थ राख्छ ।

तपाईंको गवाहीले अर्थ राख्छ ।

तपाईंको प्रार्थनाले अर्थ राख्छ ।



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## आफ्ना सेवकहरुलाई कहिल्यै नत्याग्नुहुने महान् परमेश्वर

मेरो प्रारम्भिक दिनहरूमा विभिन्न अवस्थाबाट विरोधको सामना गर्नु मेरो निम्ति अत्यन्तै सामान्य कुरा थियो, त्यसैले मैले आफ्नो आवास र कार्यालय सार्नुपरेको थियो किनकि म प्रभुको सेवकाइमा संलग्न थिएं।

सन् १९७८ मा मैले चेन्नाइमा सानो घर भाडामा लिएं र सदाझैं, म त्यहां सर्नुअघि मैले मेरो पास्टर, पास्टर जी. सुन्दरम (त्यसपछि, मुख्य पास्टर, अपोस्टोलिक खीष्टियान एसेम्ब्ली) लाई आउन र घरमा आशिष् मागिदिन आग्रह गरेको थिएं। उहांले आफ्नो सह पास्टर एम.के. साम सुन्दरमलाई पठाउनुभयो, जो प्रेमिलो र परमेश्वरका सम्माननीय सेवक हुनुहुन्थ्यो। हाल उहां अपोस्टोलिक खीष्टियान एसेम्बली, चेन्नाइको मुख्य पास्टर हुनुहुन्छ।

त्यो दिन हामी दुवैले ट्याक्सीमा यात्रा गरेका थियौं। मसँग केही पैसा थियो। हामीले त्यो ट्याक्सीमा यात्रा सुरु गरेको समयदेखि नै पास्टरले आफ्नो आँखा बन्द गरी प्रार्थना गरिरहनुभएको थियो। तर म मिटर बाकसमा हेरिरहेको थिएं, जसले हाम्रो यात्राको शुल्क देखाइरहेको थियो।

समय बित्दै गयो, मिटर बाकसमा देखाएको रकम मेरो हातमा भएको रकमको नजिकै आइसकेको थियो। केही मिनेटपछि मेरो हातमा भएको रकम बराबरको रकम मिटरले देखाएको थियो। हामीलाई अझै टाढा जानुपर्ने थियो। मसँग त्योभन्दा धेरै रकम थिएन। मसँगै पुग्ने रकम बराबर नै सवारीसाधन पहिले नै चलिरहेको थियो। सवारीसाधन जति धेरै अघि बढ्छ, म समस्यामा पर्नेछु भनेर म डराएं। मेरो साथमा सिनियर पास्टर हुनुहुन्थ्यो। के गर्ने भनेर मलाई थाहा थिएन। त्यसैले मेरो हृदयमा म पुकारा गर्दैथिएं, हे, प्रिय पिता मेरा प्रभु, मैले के गर्ने होला ? मसँग अतिरिक्त पैसा छैन। मलाई पसिना आउन थालेको थियो। तर सवारी तीव्र गतिमा अघि बढिरह्यो।

पछि जब मैले मिटरमा हेरें, त्यो रोकिएको थियो र मेरो हातमा भएको रकममा पुगेर अड्किएको देखेर मलाई अचम्म लाग्यो। मेरो आँखा आँसुले भरियो।

हामी घरमा पुग्यौं। पास्टरलाई यसको बारेमा केही पनि थाहा थिएन। हामी ट्याक्सीबाट निस्कने बित्तिक्कै मैले चालकको हात समातें र उसलाई भनें, प्रिय भाइ, म जीवित परमेश्वरको सेवक हुँ, मेरो हातमा यति मात्रै रकम छ। तपाईंको मिटर मेरो हातमा भएको रकम देखाएर अड्किएके छ। कृपया मलाई एक घण्टाको समय दिनुहोस् ताकि हामीले तय गरेको दुरीको रकम तपाईंलाई म फिर्ता दिन सकूं। कृपया मेरो पाहुना सम्माननीय पास्टरलाई केही नभन्नुहोला।

तुरुन्तै चालकले मलाई अंकमाल गरे र भने, म पनि परमेश्वरको सन्तान हुन्छु। परमेश्वरले मलाई तपाईंको सहायता गर्ने अवसर दिनुभएको हो भनेर म पूर्णरूपमा विश्वास गर्दछु। यति भनेर मैले दिएरको रकम मलाई नै फिर्ता गर्नुभयो र भन्नुभयो, कृपया मेरो प्रेमको सहायता भनेर यो स्वीकार गर्नुहोस्। तपाईंले दुध किन्न र आफैंलाई सहायता गर्न सक्नुहुन्छ किनकि तपाईं आफ्नो नयाँ घरमा प्रवेश गर्दै हुनुहुन्छ। मैले आराधना गर्ने प्रभुले तपाईंलाई करोडपति बनाऊन्। त्यसपछि, उहां फर्कनुभयो। मैले आफ्नो जीवनमा फेरि कहिल्यै उहांलाई देखिनं।

मैले दुध किनें र पास्टर र मैले मेरो नयाँ घरमा त्यो पियौं। त्यो दिन पास्टरले गाउनुभएको गीत अझै म सम्झन्छु। जब उहांले गाउँदै हुनुहुन्थ्यो, म ठूलो सोरले रुन सुरु गरें। उहांले गीत गाउन रोक्नुभयो र मलाई सोध्नुभयो, भाइ साम, तपाईं किन यसरी रुँदै हुनुहुन्छ ? मैले घटेका सबै घटना उहांलाई बताएं। उहांको आँखा पनि रसाएको थियो। उहांले मलाई भन्नुभयो, तपाईं किन चिन्ता गर्नुहुन्छ ? तपाईंले मलाई बताउनुभएको भए मैले पनि उक्त रकम दिन सक्थें भनेर के तपाईंलाई थाहा भएन ? ठीकै छ। परमेश्वर तपाईंसँग हुनुहुन्छ। तपाईं डराउनुहुँदैन। उहांले तपाईंलाई औंजारको रूपमा हजारौं मानिसहरूका निम्ति उपयोगी हुन प्रयोग गर्नुहुनेछ र उहांको साक्षी र परमेश्वरको सेवकको रूपमा तपाईंलाई परिवर्तन गर्नुहुनेछ। त्यसपछि उहांले मलाई आशिष् दिनुभयो र घरबाट जानुभयो। त्यो दिन हामी दुवै जना मात्रै त्यो घरमा उपस्थित थियौं।

प्रिय दाजुभाइ तथा दिदीबहिनी, तपाईंले यो घटनाको बारेमा के सोच्नुहुन्छ ? तपाईंको अनुभव कस्तो छ ? मेरो प्रभु येशू खीष्टले तपाईंको जीवनमा ठूलो आश्चर्यकर्म गर्नुहुनेछ। उहाँमा मात्रै स्थिर रहनुहोस्।

******************

---

तपाईंको आज्ञाकारीताले अर्थ राख्छ।

तपाईंको विश्वासयोग्यताले अर्थ राख्छ।

तपाईंको परिवारलाई तपाईंको ज्योतिको आवश्यकता छ।

तपाईंको काम गर्ने स्थानमा तपाईंको ज्योतिको आवश्यकता छ।

तपाईंको समुदायमा तपाईंको ज्योतिको आवश्यकता छ।

तपाईंको मण्डलीलाई तपाईंको ज्योतिको आवश्यकता छ।

मण्डली भवनका ढोकाबाट पनि कहिल्यै नहिंडेका मानिसहरू हुन सक्छन्, तापनि तपाईंको जीवनबाट चम्किरहेको ज्योति देखेर तिनीहरूले प्रभु येशू खीष्टसँग जम्का भेट गरेका हुन सक्छन्।

त्यसैले आफ्नो ज्योति नलुकाउनुहोस्।

आफ्नो विश्वासको निम्ति क्षमा नमाग्नुहोस्।

तपाईंको गवाहीलाई चूप गराउन कठिन अवस्थाहरूलाई अनुमति नदिनुहोस्।

तपाईंको ज्योति महत्वहीन छ भनेर तपाईंको निश्चय दिलाउन अन्धकारलाई अनुमति नदिनुहोस् ।

निरन्तर चम्कनुहोस् ।

जसै हामीले भारतभरि उज्यालोको चाडलाई मनाउन मनन गर्छौं, त्यो महान् ज्योतिलाई हामीले सम्झौं ।

अस्थायी भएको ज्योति होइन ।

बन्द गर्न सकिने ज्योति होइन ।

मानिसको हातबाट उत्पन्न भएको ज्योति होइन ।

तर प्रभु येशू खीष्ट - संसारको ज्योति ।

उहाँ हाम्रो अन्धकारमा कदम राख्नुभयो ।

उहाँले हाम्रा आँखा खोल्नुभयो ।

उहाँले मुक्ति दिनुभयो ।

उहाँले पाप र मृत्युलाई पराजित गर्नुभयो ।

अनि अहिले उहाँले हामीलाई बोलाउनुहुन्छ

**तिमीहरू संसारका ज्योति हौ...** (मत्ती ५:१४) ।

***त्यसैले, हाम्रा हृदय हामीले जाँचौं र आफैंलाई सोधौं:***

परमेश्वरले मलाई कस्तो अन्धकारमा चम्कन बोलाउनुभएको छ ?

के म अझै पनि मेरो ज्योतिको स्रोतसँग जोडिएको छु ?

के मेरो जीवनमा केही कुरा छ जसलाई ज्योतिबाट अलग गर्नु आवश्यक छ ?

अवस्था कठिन हुँदा पनि के मैले चम्कने चाहना गरेको छु ?

के मानिसहरूले मेरो जीवनबाट प्रभु येशू खीष्टलाई देख्छन् ?

***आज, हामीले निर्णय गरौं:***

म चम्कनेछु ।

म प्रभु येशू खीष्टसँग जोडिरहनेछु ।

म ज्योतिमा हिंड्नेछु ।

म अन्धकारका कार्यहरूलाई अलग राख्नेछु ।

म ज्योतिको हातहतियार धारण गर्नेछु ।

मेरो परिवार, मेरो मण्डली, मेरो काम गर्ने स्थान र मेरो समुदायमा म प्रभु येशू खीष्टको ज्योति बोक्नेछु ।

किनभने अन्धकारले ज्योतिलाई पराजित गर्न सक्दैन ।

अनि जब प्रभु येशू खीष्ट ममा जिउनुहुन्छ - हामीलाई चम्कन बोलाइएको छ ।

**उठ्, प्रकाशमान् हो किनकि तेरो प्रकाश आएको छ र परमप्रभुको महिमा तँमाथि उदाएको छ** (यशैया ६०:१) ।

आशाहीनतालाई आशा दिन, तोडिएकालाई चङ्गाइ गर्न, हराएकाहरूलाई दिशा दिन र उहाँको नाउँलाई महिमा दिन प्रभु येशू खीष्टको ज्योति हामीमध्ये हरेकबाट चहकिलो गरी चम्किएको होस् ।

आमेन ।

-----------------

## ५७ औं वार्षिकोत्सव समारोह- विशेष पाहुनाहरू



यी दिनमा हाम्रा विशेष पाहुनाहरू बहिनी पद्मा मुदलिएर, बहिनी जेबाकुमारी डोभिङ र बहिनी शीबा (गायिका) हुनुहुन्थ्यो ।
समारोहमा सहभागी भएकाहरू साथै हाम्रो यूट्यूब च्यानल, **बोलावटको प्रतिध्वनिबाट** कार्यक्रम हेर्नेहरूका विश्वास बलियो र सुधार गर्न परमेश्वरले उहाँहरू सबैलाई शक्तिशाली रूपमा प्रयोग गर्नुभयो ।
उहाँका मानिसहरूलाई आशिष् र उत्साहको साधनको रूपमा उहाँहरूलाई प्रयोग गर्नुभएकोे निम्ति हामी परमेश्वरलाई प्रशंसा गर्दछौं ।

## चाहियो



हाम्रो सेवकाइको टोलीमा संलग्न हुन हामी समर्पित र जिम्मेवार व्यक्तिहरू खोजिरहेका छौं ।

**१. कार्यालय कर्मचारी र अगुवाहरू**

निवेदक कम्प्यूटर जानेको र अंग्रेजीमा राम्रो निर्देशन दिन सक्ने हुनुपर्ने ।

**२. कार चालकहरू**

जिम्मेवार र अनुभवी चालकहरू आवश्यक भएको छ ।

३. सुरक्षाकर्मीहरू

सुरक्षाका कार्यको निम्ति भरपर्दो र जिम्मेवार व्यक्तिहरू आवश्यक छन् ।

*इच्छुक निवेदकहरूले आफ्नो बायोडाटा यहाँ पठाउन सक्नुहुन्छ*

ह्वाट्सएप: ९१ ९८४१२ ७१८५८
इमेल: sam@echoofhiscall.org

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

Scan to pay with any UPI app

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th OCTOBER 2026.

If un-delivered please return to:
**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

*JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**